श्री सर्वोच्च अदालतबाट
... को ... सक्कल
... दस्तुर लिई नक्कल दिनु पाना
... दरले जम्मा पाना ... १
९०८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश
मुद्दा नं.: ०७८-WO-१४७४
मुद्दाः उत्प्रेषण।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० मा अवस्थित वातावरण कानून समाज नेपालको तर्फबाट र आफ्नो हकमा समेत ऐ. का अध्यक्ष अधिवक्ता पदम बहादुर श्रेष्ठ समेत.......................................... निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबार काठमाडौंसमेत......... विपक्षी

यसमा निवेदकसमेत रहनुभएका विद्वान अधिवक्ताहरु श्री पदम बहादुर श्रेष्ठ, श्री राजु फुयाल, श्री राकेश कुमार साह तथा निज निवेदकहरुको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री हरिशचन्द्र सुवेदी, श्री विष्णु कुमार थोकर, श्री आरजु कार्की, श्री षटकोण श्रेष्ठ, श्री सुलोचना धिताल, श्री शान्ता पन्त तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबार काठमाडौंसमेतको तर्फबाट उपस्थित हुनुभएको महान्यायाधिवक्ताको कार्यलयको विद्वान सहन्यायाधिवक्ता श्री शंकर खत्रीले गर्नुभएको वहस समेत सुनियो।

यसमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०४/०५ को निर्णयबमोजिम ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लागु गरिएकोमा सो मापदण्डसमेत पूर्ण रुपमा लागु भईनसकेको अवस्थामा सो मापदण्डमा नेपाल सरकारले मिति २०७९/०२/०६ मा पहिलो संशोधन गरि साविक मापदण्ड संशोधन गरि

राजमार्ग, खोला वा नदी किनार, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकाय, अन्तराष्ट्रिय सिमा, वन क्षेत्र, घना वस्ती, हाइटेन्सन लाइनको अझ नजिक ढुंगा गिटी बालुवा उत्खनन गर्न मिल्ने गरि संशोधन गरिएको र सिमसार क्षेत्रलाई समेत समावेश गरिएको देखिंदा उल्लिखित राष्ट्रको जीवनसँग जोडिएका महत्वपूर्ण क्षेत्रहरुको अस्तित्व माथिसमेत गम्भिर संकट परि अपूरणिय क्षतिको अवस्थाको विद्यमानता देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) वमोजिम निवेदनको अन्तिम किनारा नभएसम्मका लागि यस अदालतको एकल इजलासबाट मिति २०७९/०३/८ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ। सोको जानकारी विपक्षीहरूलाई दिनू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७९ साल असार १५ गते रोज ४ शुभम् ..........................................।